# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. ०८२/०८३ मिति २०८३/०३/२२
च.नं.

## बर्दघाट नगरपालिका भित्रका सहकारी संस्थाका ऋणीहरुलाई समयमा नै ऋण चुक्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

### प्रकाशित मिति: २०८३/०३/२२

बर्दघाट नगरपालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूबाट ऋण लिई हालसम्म साँवा, ब्याज वा किस्ता भुक्तानी गर्न बाँकी रहेका सम्पूर्ण ऋणी सदस्यहरूलाई आफ्नो ऋण सम्झौता बमोजिमको दायित्व यथाशीघ्र तथा समयमै पूरा गरी सम्बन्धित सहकारी संस्थामा ऋण चुक्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सहकारी संस्थाको वित्तीय अनुशासन, तरलता व्यवस्थापन तथा सदस्यहरूलाई नियमित सेवा प्रवाह सुनिश्चित गर्न प्रत्येक ऋणी सदस्यले आफ्नो ऋणको किस्ता तथा ब्याज निर्धारित समयमै भुक्तानी गर्न आवश्यक छ। समयमै ऋण चुक्ता गर्नु सदस्यको कानुनी तथा नैतिक दायित्व पनि हो।

तसर्थ, हालसम्म ऋण भुक्तानी गर्न बाँकी रहेका सम्पूर्ण ऋणी सदस्यहरूले २०८३ साल असार मसान्त भित्र सम्बन्धित सहकारी संस्थामा सम्पर्क गरी बाँकी रकम चुक्ता गर्नुहुन अनुरोध छ।

(यस सूचनालाई बेवास्ता गरी नियतबस ऋण भुक्तानी नगर्ने खराव ऋणीहरुलाई नियमानुसारको सरकारी सेवा सुविधा बन्चित गर्ने सम्मको कडा कारवाही हुने बेहोरा जानकारी गराईन्छ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत